| क्र.स. | सदस्यको नामथर | केन्द्र नः/ सदस्यता नः | मिति | रकम | कैफियत | शाखाको प्रतिउत्तर |
|---|---|---|---|---|---|---|
| 6. | Dil Rai | 18 | 2082/05/09 | 0 | बचत फिर्ता भर्पाईमा निज सदस्यको नाम र दस्तखत उल्लेख रहेको तर रकम नभरिएको पाईयो । | रकम फिक्स आवश्यक नरहेको । |

**नोट : बचत फिर्ता सम्बन्धि अन्य कैफियतहरुलाई भौचर सम्बन्धि कैफियतमा उल्लेख गरिएको छ ।**

*बचत फिर्तामा देखिएको सारांश कैफियत निम्न अनुसार रहेको छ : -*

- केहि बचत फिर्ता भरपाईमा नाम र दस्तखत रहेको तर रकम उल्लेख नभएको ।
- केहि बचत फिर्ता भरपाईमा अङ्कमा उल्लेख भएको रकम र अक्षरुपि रकम फरक रहेको ।
- बचत फिर्ता भरपाई बिना पनि केहि बचत फिर्ता कारोवार भएको पाइयो ।

**मापदण्ड** : कर्जा तथा बचत निर्देशिका २०८१ को परिच्छेद-१० को बचत सम्बन्धि व्यवस्थाको बुंदा नः १०.३ को (३) अनुसार बचत फिर्ता भरपाई (अनुसुचि-१४) मार्फत वा चेक मार्फत बचत फिर्ता गर्न सकिने व्यवस्था रहेको साथै केन्द्रीय कार्यालयको मिति २०८१।०६।०१ गतेको च.न.०२०१ (परिपत्र नः २६) पत्रको बुँदा नः ६ को निर्देशन अनुसार बचत फिर्ता गर्दा सकभर चेकवाट भुक्तानी गर्ने व्यवस्था गर्नको लागि निर्देशन जारी भएको । साथै बचत फिर्ता गर्दा बचत फिर्ता भरपाईमा सबै विवरणहरु भरेर मात्र गर्नुपर्ने प्रावधान रहेको ।

**सुझाव/निर्देशन** : बचत फिर्ता भरपाई बिना नै केहि बचत फिर्ता भएकोले किन भएको हो सो जानकारी गराउनुहुन र सो सहित अन्य कैफियतहरु सुधार गरी आगामि दिनमा पुनः नदोहोरिने गरि कार्य गर्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : बचत फिर्ता भरपाई अधावधिक गरिएको,आगामि दिनमा पुनः नदोहोरिने गरि कार्य गर्ने ।**

16= सवारी लकबुक :

अवस्था : कर्मचारी अनुसार लगवुक छुट्टा छुट्टै रजिष्टर रहेको ।

- कर्मचारी श्री मनिषा कुमारी माझिको लगवुक २०८२ जेष्ठ महिना पश्चात अधावधिक नरहेको पाइयो ।
- शाखा प्रमुख श्री पार्वती गुरुङको लगबुक २०८२ जेष्ठ पश्चात अधावधिक नरहेको साथै २०८२ जेष्ठको लगवुकमा प्रमाणीत गर्नेको दस्तखत र संस्थाको छाप नरहेको पाइयो ।
- कर्मचारी श्री निशा सरदारको हालसम्म लगवुक नै नरहेको पाइयो ।

सुझाव/निर्देशनः शाखा कार्यालयमा कार्यरत सम्पुर्ण कर्मचारीहरुले प्रयोग गर्ने व्यक्तिगत साधनको (सामान्यतया मोटरसाईकल) अनिवार्य रुपमा रेकर्ड राख्नुपर्दछ, सवारी साधन सम्बन्धि रेकर्ड र लगवुक रेकर्ड नरहेमा विभिन्न जोखिमहरु जस्तै, कर्मचारीले प्रयोग गर्ने साधनको सवारी धनी विवरण प्राप्त नहुने, कर्मचारी दुर्घटनामा परेको अवस्थामा विमा दाविको लागि असहज हुने, लगवुकको वास्तविक रेकर्ड नहुंदा कुन कर्मचारीले कति फिल्ड भ्रमण गर्नुभएको हो सोको यथार्थ विवरण प्राप्त नहुने र कर्मचारी मुल्याङनमा समेत समस्या सिर्जना हुने हुँदा आगामि दिनमा कर्मचार्राले प्रयोग गर्ने सवारी साधनको रेकर्ड र दैनीक लगवुक रेकर्ड़ राख्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : अधावधिक गरेर राख्ने ।**

17= बत्ति, विजुली,पानी रजिष्टर :

अवस्था : रजिष्टर नरहेको । बत्ति, विजुली खर्च भुक्तानी गर्दा भौचरमा सहायक कागज रहेको साथै सो खर्च भुक्तानीको छुट्टै फाइलमा पनि रेकर्ड राखिएको पाइयो ।

**मापदण्ड** : घरभाडा सम्झौतामा भएको सम्झौता अनुसार वत्ति विजुली पानीको भुक्तानी गर्न सकिने र सोको छुट्टै रजिष्टर निर्माण गरी मासिक रुपमा रेकर्ड अभिलेख राख्नुपर्दछ ।
**सुझाव/निर्देशन** : उल्लेखित कैफियत सुधार गरी विजुली पानीको खर्च मासिक रुपमा नियमित भुक्तानी गर्ने व्यवस्था गर्नुहुन र सोको रेकर्ड रजिष्टरमा व्यवस्थित रुपमा नियमित राख्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : अधावधिक गरेर राखिएको ।**

**१८= S/C, S/D हिसाब सम्बन्धमा :**
**अवस्था** : शाखा कार्यालय चक्रघट्टिको मिति २०८२।०६।३१ गते सम्मको विवरण जाँच गर्दा लिनु, दिनुपर्ने हिसाव तपशिल बमोजिम रहेको पाइयो :

**तपशिल :**

| शिर्षक | रकम | कैफियत | शाखाको प्रतिउत्तर |
|---|---|---|---|
| Others Payables | 360 | S/C | २०७८०३३१ को पासबुक चार्ज र खातावन्दि चार्जको रकम रहेको । |
| Staff salary payables | 29314 | S/C | रकम शुन्य रहेको जानकारि गराइन्छ । |
| Cib Charge Payables | 27.70 | S/C | हिसाब मिलान गर्न बाकि भएको । |
| Payable To Personal saving | 458.39 | S/C | सेन्टर फन्डको हिसाब हेरेर मिलान गर्नुपर्ने |
| Tds on salary | 225 | S/C | के. कार्यालय पठाउन बाकी रहेको |
| Tds on House rent/premises | 3195 | S/C | भुक्तानि गर्न बाकि रहेको । |

**मापदण्ड** : लेखा नीति,२०७८ को परिच्छेद-२ को बुँदा नः २१ को अग्रिम भुक्तानी खर्चहरु मा भएको प्रावधान अनुसार वित्तीय संस्थाले कुनै पनि सेवा सुविधा आदि प्राप्त गर्न एकमुष्ट रकम भुक्तानी गर्दा सो रकमले वास्तविक खर्च हुनुपर्ने समय भन्दा अगाडि सम्मको अगाडि सम्मको लेखाङ्कन गर्दा अग्रिम भुक्तानीमा देखाउने र समय अवधि पुरा भएपश्चात मात्र त्यसलाई खर्च लेख्नुपर्ने व्यवस्था रहेको साथै दिनुपर्ने हिसाव सकभर सोहि महिनाभित्र हिसाव मिलान गरिसक्नुपर्ने प्रावधान रहेको ।
**सुझाव/निर्देशन** : उल्लेखित शिर्षकमा लिनु वा दिनुपर्ने हिसाव बाँकि रहनुको कारणवारे जानकारी दिनुहुन र सम्वन्धित विभागसंग समन्वय गरी सकभर छिटो हिसाव मिलान गरी लिनु वा दिनुपर्ने हिसाव शुन्य राख्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ :सुझाव र निर्देशन अनुसार हिसाब मिलान गरी लिनु वा दिनुपर्ने हिसाब शुन्य राख्ने ।**

**१९= लक्ष्य प्रगति :**
**लक्ष्य-प्रगति सम्बन्धमा :**

**आ.व. ०८१/०८२ आषाढ मसान्त सम्मको लक्ष्य-प्रगति**

| क्र.स. | विवरण | २०८१ आषाढ मसान्तसम्म को कुल विवरण | आ.व.२०८१/०८२ को अषाढ मसान्त सम्म | | | २०८२ अषाढ मसान्तसम्म कुल विवरण |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | |
| १. | सदस्य वृद्धि | ५२८ | ४९ | ३७ | ७५.५१ | ५६५ |
| २. | ऋणि सदस्य | २८० | ६० | २९ | ४८.३३ | ३०९ |
| ३. | ऋण लगानी | ३,८८,०१,४५४.७३ | 21810602 | १५७४६७२१.९६ | ७२.२० | ५,४५,४८,१७६.६९ |
| ४. | वचत परिचालन | ७९,२१,०५३.८४ | 2257516 | ३०५१९५३.६ | १३५.१९ | १,०९,७३,००७.४४ |
| ५. | कुल मुनाफा | ३८११६१.८१ | 674295 | ४५०७४७.६ | ६६.८५ | ८३१९०९.४१ |
| ६. | NPL | ३,१९,९१५.९१ | २६,८३,२८७.२७ | १८,०८,०१०.५५ | ६७.३८ | १८,०८,०१०.५५ |

आ.व.०८२/०८३ को असोज मसान्त सम्म लक्ष्य अनुसार प्रगति अवस्था निम्न वमोजिम रहेको पाइयो :

| क्र.स. | विवरण | २०८२ आषाढ मसान्तसम्म को कुल विवरण | आ.व.२०८२/०८३ को असोज मसान्त सम्म | | | २०८२ असोज मसान्तसम्म कुल विवरण |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | |
| १. | सदस्य वृद्धि | ५६५ | १२ | १० | ८३.३३ | ५७५ |
| २. | ऋणि सदस्य | ३०९ | ३० | ६ | २०.०० | ३१५ |
| ३. | ऋण लगानी | ५,४५,४८,१७६.६९ | 10408665 | ४४२४८४०.८९ | ४२.५१ | ५,८९,७३,०१७.५८ |
| ४. | बचत परिचालन | १,०९,७३,००७.४४ | 610215 | ६७८६०८.५५ | १११.२१ | १,१६,५१,६१५.९९ |
| ५. | कुल मुनाफा | ८३१९०९.४१ | 290048 | -२,७०,२३०.६२ | -४४.७१ | -२,७०,२३०.६२ |
| ६. | NPL | १८,०८,०१०.५५ | १८,०८,०१०.५५ | ११,७८,३७५.४२ | ४३.९१ | २३,७१,८३८.४६ |

**विश्लेषण/सुझाव :** आ.व.०८१/०८२ मा सदस्य वृद्धि लक्ष्य ७५.५१ प्रतिशत पुरा भएको, ऋणी सदस्य लक्ष्य जम्मा ४८.३३ प्रतिशत मात्र पुरा भएको, कर्जा लगानी लक्ष्य ७२.२० प्रतिशत, बचत वृद्धि लक्ष्य सत् प्रतिशत, नाफा लक्ष्य ६६.८५ प्रतिशत र एनपिएल व्यवस्थापन ६७.३८ प्रतिशत रहेको पाइयो यसर्थ आगामि आ.व.मा लक्ष्य प्राप्तिको लागि थप रणनिति सहित कार्य गरी लक्ष्य पुरा गर्नुपर्ने देखिन्छ । त्यस्मै आ.व.०८२/०८३ को असोज मसान्त सम्ममा सदस्य वृद्धिको लक्ष्य ८३.३३ प्रतिशत पुरा भएको, ऋणी सदस्य २० प्रतिशत पुरा भएको , कर्जा लगानी जम्मा ४२.५१ प्रतिशत मात्र पुरा भएको, बचत वृद्धि लक्ष्य सत् प्रतिशत पुरा भएको, नाफा लक्ष्य प्राप्ति नकारात्मक रहेको र एनपिएल लक्ष्य ४३.९१ मात्र प्राप्त भएको पाइयो । यसरी यस आ.व.०८२/०८३ मा पनि बचत बाहेकको सबै सूचकहरुको लक्ष्य वमोजिम प्रगतिको अवस्था कमजोर रहेको देखिन्छ । यसर्थ लक्ष्य बमोजिम प्रगतिको लागि लक्ष्यलाई मासिक, साप्ताहिक र दैनिक रुपमा विभाजन गरी कार्य गर्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ :** लक्ष्य वमोजिम प्रगतिको लागि लक्ष्यलाई मासिक, साप्ताहिक र दैनिक रुपमा विभाजन गरी कार्य गदै जाने जानकारी गराउदछु ।

## ग) संचालन तथा अनुगमन सँग सम्बन्धित :

**1= पछिल्लो पटक अनुगमन कार्यालयबाट भएको अनुगमनको कार्यान्वयन / सुधारको अवस्था :**

**अवस्था :** अनुगमन कार्यालयबाट भएको अनुगमन प्रतिवेदन प्राप्त गर्न सकिएन ।

**सुझाव :** यस अघि अनुगमन कार्यालयबाट भएको अनुगमन प्रतिवेदनहरु प्रिन्ट गरि छुट्टै फाइल बनाई राख्नुहुन र प्रतिवेदनमा देखिएका कैफियतहरु सुधार गर्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : सुधार गरि राखिएको ।**

**1= कार्यक्षेत्र प्रोफाईल :**

**अवस्था :** कार्यक्षेत्र प्रोफाइल हालसम्म तयार नगरिएको पाइयो ।

**मापदण्ड :** शाखा कार्यालय स्थापना सम्बन्धि निर्देशिका- २०७६ को बुँदा नः ९ मा शाखा स्थापना सम्बन्धि भएको व्यवस्था अनुसार शाखा प्रमखुले पहिलो महिनामा गर्नुपर्ने आधारभुत कार्य सम्बन्धिको (ट), (ढ), (ण) र (थ) मा सो सम्बन्धि गर्नुपर्ने कार्यबारे स्पष्ट उल्लेख गरिएको ।

**सुझाव :** शाखा कार्यालय स्थापना हुनुपुर्व वा भएपश्चात कार्यक्षेत्रको संक्षिप्त परिचय, भौगोलिक विवरण ( कार्यक्षेत्रमा पर्ने स्थानीय तहहरु, क्षेत्रफल, भौगोलिक स्वरुप, यायातको पहुँचको अवस्था, मुख्य वजार क्षेत्रहरु लगायत), जनसङख्या तथा सामाजिक अवस्था, (कुल जनसङख्या र घरधुरी संख्या, जातीय समुदाय विवरण, साक्षरता दर, धार्मिक साँस्कृतिक अवस्था, शिक्षा स्वास्थ्य अवस्था लगायत), आर्थिक अवस्था, वित्तीय पहुँचको स्थिति (वित्तीय सेवा लिने सम्भावित जनसङख्या, अन्य लघुवित्त वित्तीय संस्थाको उपस्थिति, अन्य वैंक सहकारी संस्थाहरु, वित्तीय साक्षरता स्तर आदी ), त्यस क्षेत्रमा शाखा रहनुको वलियो पक्ष, कमजोर

पक्ष, अवसरहरु र चुनौतीहरुको विश्लेषण, लघुवित्त सेवाको सम्भाव्यता विश्लेषण, कार्यक्षेत्रको नक्साांकन र कार्यक्षेत्रको समग्र मुल्याङकन, दिर्घकालीन सेवा विस्तारको सम्भाव्यता सहितको निष्कर्ष निकाली कार्यक्षेत्र प्रोफाइल तयार गर्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : कार्यक्षेत्र प्रोफाइल तयार गरि राखीएको ।**

**2= कार्यक्षेत्र स्विकृती सम्बन्धमा :**

**अवस्था :** शाखा कार्यालयले कार्यक्षेत्रको अध्ययन गरी विस्तार गर्न सकिने कार्यक्षेत्र र विस्तार भएको कार्यक्षेत्रको सम्बन्धमा हालसम्म केन्द्रीय कार्यालयबाट स्वीकृत नलिएको ।

**मापदण्ड :** कार्यक्रम विस्तार तथा सञ्चालन गर्दा सो क्षेत्रको सम्भाव्यता अध्ययन प्रतिवेदन सहित कार्यक्रम विस्तार गर्न सकिने क्षेत्रहरुको केन्द्रीय कार्यालय संग स्विकृति लिनुपर्ने प्रावधान रहेको ।

**सुझाव/निर्देशन :** कार्यक्षेत्र स्विकृत विना कार्यक्रम विस्तार गर्दा शाखाको कार्यविस्तार व्यवस्थित नहुनुका साथै लक्षीत क्षेत्र र वर्ग सम्म कार्यक्रमको पर्याप्त पहुँच पुग्न नसक्ने, निश्चित क्षेत्रको भित्र कार्यविस्तारको मापदण्ड नहुँदा संस्थाको लक्ष्य, शाखा कार्यालयको लक्ष्य प्राप्तिमा समेत प्रत्येक्ष असर पर्दछ यसर्थ स्विकृत नलिइएको कार्यक्षेत्रको तत्काल स्विकृत लिनुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : केन्द्रीय कार्यालयबाट स्वीकृत लिएर राखिने ।**

**3= STR प्रतिवेदन :**

**अवस्था :** शाखामा शंस्कास्पद कारोबार सम्बन्धि प्रतिवेदन तथा विवरणहरु नरहेको पाइयो ।

**मापदण्ड :** नेपाल राष्ट्र बैंक ले "घ" वर्गका वित्तीय संस्थालाई जारी गरेको एकिकृत निर्देशन,२०८१ को निर्देशन नः १८/०८१ अनुसार STR प्रतिवेदन तयार गरी पठाउनुपर्ने प्रावधान रहेको साथै यस वित्तीय संस्थाको सम्पत्ति शुद्धीकरण निवारण कार्यविधि, २०७८ को बुँदा नः १० जोखिममा आधारीत ग्राहक पहिचान, अधावधिक तथा अनुगमन पद्धती को २ मा भएको व्यवस्था अनुसार शंकास्पद कारोवारको सम्बन्धमा अनुसूची-२ (क) बमोजिम मासिक रुपमा शाखा प्रमुखले प्रतिवेदन पठाई अधावधिक गर्नुपर्ने प्रावधान रहेको ।

**सुझाव/निर्देशन :** शंकास्पद कारोवारको विवरण मासिक रुपमा तयार गरी शाखामा अभिलेख राख्नुहुन र सोका प्रतिवेदन सम्बन्धित विभागमा पठाउने व्यवस्था गर्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : शंकास्पद कारोवार नरहेको ।**

**4= अनुगमन रजिष्टर र प्रतिवेदन विवरण फाइल :**

**अवस्था :** नरहेको ।

**निर्देशन/सुझाव :** विभिन्न विभाग, अनुगमन कार्यालय र अन्य आकस्मिक रुपमा भएको शाखा अनुगमनको रजिष्टर र सोको प्रतिवेदन फाइल बनाउनुहुन ।

**शाखा व्यवस्थापनको जवाफः बनाएर राख्दै जनो ।**

**5= उच्च पदस्थ व्यक्तिहरुको विवरणः**

**अवस्था :** शाखा कार्यालयमा सो सम्बन्धि प्रतिवेदन वा विवरण नरहेको ।

**मापदण्ड :** नेपाल राष्ट्र बैंक ले "घ" वर्गका वित्तीय संस्थालाई जारी गरेको एकिकृत निर्देशन,२०८१ को निर्देशन नः १८/०८१ को बुँदा नः ४ अनुसार उच्च पदस्थ व्यक्तिको विवरण तयार गर्नुपर्ने र नियमित अधावधिक गर्नुपर्ने प्रावधान रहेको र उच्च पदस्थ व्यक्ति शाखामा आवद्ध भएको भए उनीहरुसंग कारोवार गर्नको लागि माथिल्लो व्यवस्थाकिय तह संग स्विकृति लिएर मात्र कारोवार गर्न सकिने व्यवस्था रहेको ।

**सुझाव/निर्देशन :** उच्च पदस्थ व्यक्ति आवद्ध भएको भए कारोवार गर्नको लागि माथिल्लो तह संग स्विकृति लिए पश्चात मात्र कारोवार गर्नुहुन, उच्च पदस्थ व्यक्तिको पहिचानको लागि सम्बन्धित व्यक्तिसंग सुचना

लिने वा स्वघोषणा गर्न लगाउने, सार्वजनिक रुपमा उपलब्ध सूचना एवम् व्यावसायिक रुपमा उपलब्ध हुने तथ्याङ्कको आधार पहिचार गर्नुहुन र उच्च पदस्थ व्यक्तिहरुको विवरण तयार गरी माथिल्लो निकायमा जानकारी गराउनुको साथै उनीहरुको कारोवारलाइ नियमित रुपमा विश्लेषण गर्नुहुन, कारोवार शंकास्पद लागेमा तत्काल जानकारी गराउनुहुन ।

**1= शाखा व्यवस्थापनको जवाफ : उच्च पदस्थ व्याक्तिहरु आवद्ध नभएको ।**

## घ) कर्जा लगानी तथा असुली विभागसंग सम्बन्धित :

### 1= कर्जा लगानी संग सम्बन्धित

#### 1=1 केन्द्र बैठक निरीक्षण :

**अवस्था :** शाखा कार्यालय चक्रघट्टिमा विगत ३ महिनाको रेकर्ड जाँच गर्दा शाखा प्रमुखले केन्द्र निरीक्षण गरेको रेकर्ड निम्न बमोजिम रहेको पाइयो ।

- विगत ३ महिनामा (श्रावण, भाद्र र आश्विन) २५ वटा केन्द्र निरिक्षण गरेको पाइयो ।
- २०८२ कार्तिक र मंसिर महिनाको १९ गते सम्म केन्द्र निरिक्षण गरेको रेकर्ड नरहेको ।

**नोटः** उक्त शाखामा जम्मा ६२ वटा केन्द्र रहेको र औषतमा १ महिनामा कम्तिमा २१ ओटा केन्द्रहरु निरीक्षण गर्नुपर्ने ।

**मापदण्ड :** शाखा प्रमुखले कम्तिमा ३ महिनामा १ पटक अनिवार्य रुपमा केन्द्र निरीक्षण गरि केन्द्र निरीक्षण फारम भरी सोको अभिलेख राख्नुपर्ने, साथै केन्द्रमा भएको कमि कमजोरी वा सुधार गर्नुपर्ने पक्षहरुको वारेमा लिखित रुपमा (मासिक) केन्द्र वैठक हेर्ने कर्मचारीलाइ सुझाव वा निर्देशन दिनुपर्ने प्रावधान रहेको ।

**सुझाव/निर्देशन :** शाखा प्रमुखको केन्द्र निरिक्षण प्राप्त भएको रेकर्ड अनुसार न्युन रहेकोले आगामि दिनमा शाखा प्रमुखले ३ महिनाभित्र अनिवार्य रुपमा सवै केन्द्रको निरिक्षण गरी केन्द्र निरीक्षण फारम भरी सोको रेकर्ड राख्नुहुन साथै केन्द्रमा रहेको कमि कमजोरी र सवल पक्षहरु सहितको मासिक रुपमा लिखित सुझाव वा निर्देशन केन्द्र बैठक हेर्ने कर्मचारीलाई दिनुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : सुझाव र निर्देशन अनुसार सुधार गर्दै जने ।**

#### 1=2 कर्जा समिति रजिष्टर (विना धितो/धितो) :

**अवस्था :** कर्जा समिति रजिष्टर नियमित रहेको ।

**मापदण्ड :** संस्थाको वचत तथा कर्जा निति, २०८१ परिच्छेद-५ को सामुहिक कर्जा लगानी सम्वन्धि व्यवस्था ५.२ को वुँदा नः ६ अनुसार सम्पुर्ण प्रकृया पुगे पश्चात कर्जा उप- समितिमा स्विकृत वा अस्विकृत गर्ने निर्णय गर्न सकिने र धितो कर्जाको हकमा संस्थाको वचत तथा कर्जा निति, २०८१ परिच्छेद-७ को कर्जा माग स्विकृत तथा वितरण सम्बन्धि व्यवस्थाको वुँदा नः ७.३ को (ग) अनुसार कर्जा उप-समिति वैठक वसि कर्जा अख्तियारी सिमा अनुसार स्विकृत वा सिफारिस गर्नुपर्ने प्रावधान रहेको ।

**सुझाव/निर्देशन :** उल्लेखित कैफितहरु सुधार गरी आगामि दिनमा सम्पुर्ण विवरणहरु पुर्ण रुपमा भर्नुहुन र कैफियत पुन : नदोहोरीने गरी कार्य गर्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : निरन्तरता दिइने ।**

#### 1=3 केन्द्र प्रमुख/उप प्रमुख परिवर्तन रजिष्टर

**अवस्था :** शाखा कार्यालयमा हालसम्म केन्द्र प्रमुख/उप प्रमुख परिवर्तनको कुनै रेकर्ड नरहेको ।

**मापदण्ड :** कर्जा तथा वचत निति, २०८१ को परिच्छेद-४ को केन्द्र तथा केन्द्रको दायित्व सम्वन्धि व्यवस्थाको वुँदा नः ५ अनुसार केन्द्रका पदाधिकारीको अवधि १ वर्षको रहने र तद्पश्चात सर्वसम्मत वा निर्वाचनवाट पुनः रिक्त पदमा पदाधिकारीहरु नियुक्ति गर्नुपर्ने प्रावधान रहेको ।

सुझाव/निर्देशन : संस्थाको कर्जा तथा बचत निति अनुसार १/१ वर्षमा केन्द्र प्रमुख/उप-प्रमुख परिवर्तन गर्नुहुन र केन्द्र प्रमुख/उप प्रमुख परिवर्तन रजिष्टर खडा गरि सोको अभिलेख नियमित रुपमा राख्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ :रेकड बनाएर राख्ने ।**

### 1=4 खराब सदस्य रजिष्टर

अवस्था : शाखामा खराब सदस्य सम्बन्धि कुनै पनि रेकर्ड नरहेको ।
परिणामहरु : खराव सदस्यको वारेमा यथार्थ जानकारि लिन सकिदैन जसको कारण समग्र केन्द्र र शाखामा नै असर गर्दछ । साथै नयाँ आउने कर्मचारिलाइ केन्द्रको अवस्था तथा सदस्यको वास्तविक अवस्थाको वारेमा जानकारि लिन असहज हुन्छ ।
सुझाव/निर्देशन : तत्काल खराव सदस्य रजिष्टर खडा गरि केन्द्र अनुसार खराव सदस्यको रेकर्ड राखि जानकारि गराउनुहुन ।

**शाखा व्यवस्थापनको जवाफ :रेकड बनाएर राख्ने ।**

### 1=5 सदस्य दर्ता रजिष्टर सम्बन्धमा

अवस्था : सदस्य दर्ता रजिष्टर रहेको, संस्थाको फर्मेट अनुसार नरहेको साथै २०८२।०८।१७ सम्म सदस्य संख्या ५८३ रहेको तर सदस्य दर्ता जम्मा ५७६ जनाको मात्र रहेको पाइयो ।
निर्देशन/सुझाव : सदस्य दर्ता रजिष्टरमा आबद्ध भएका सम्पुर्ण सदस्यहरुको रेकर्ड अद्यावधिक गर्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : सुधार गरिएको , निरन्तरता दिइने ।**

### 1=6 सदस्य निस्काशन रजिष्टर/ फाइल

अवस्था : सदस्य निस्काशन रजिष्टर/ फाइल रहेको पाइयो ।

- मिति २०८२।०८।१७ गते सम्म जम्मा ३४ जना सदस्यको निस्काशन भएको यधपि सदस्य निस्काशन रजिष्टरमा भने जम्मा २३ जना सदस्यको मात्र विवरण अद्यावधिक रहेको पाइयो ।
- सदस्य निस्काशन फाइलमा केहि सदस्यहरुको मात्र निस्काशन निवेदन/फारम रहेको पाइयो ।

मापदण्ड : वित्तीय संस्थाको कर्जा तथा बचत नीति-२०८१ को परिच्छेद-३ को समुह सम्बन्धि व्यवस्थाको बुंदा नः ३.३ समुह छाड्ने तथा पदपुर्ति सम्बन्धि भएको व्यवस्था अनुसार समुह केन्द्रबाट निस्काशन गर्न सकिने व्यवस्था रहेको ।
निर्देशन/सुझाव : शाखा कार्यालयमा आवद्ध भएका केहि सदस्यहरुलाई निस्काशन गरिएको भएतापनि के कारणले निस्काशन गरिएको हो साथै प्रकृया पुरा भएको वा नभएको बारे जानकारी लिन नसकिएकोले सदस्य निस्काशन रजिष्टर र सोको सहायक फाइल खडा गरी हालसम्म निस्काशन भएका सदस्यहरुको विवरण अद्यावधिक गर्नुहुन र सो कार्यलाई निरन्तरता दिनुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : निरन्तरता दिइने ।**

### 1=7 केन्द्र बैठक हाजिरी रजिष्टर :

अवस्था : केन्द्र बैठक हाजिरी रजिष्टरहरु रहेको पाइयो यधपि केन्द्र बैठक हाजिरी रजिष्टरमा निम्न बमोजिम अवस्था रहेको देखिन्छ ,

- वैठक समापन पश्चात केन्द्र प्रमुख र उप-प्रमुखको दस्तखत नभएको,
- केन्द्र मुल्याङकन अङक दिने नगरिएको,
- केन्द्रमा संकलन भएको कुल रकमको केन्द्रको नाममा काटिएको रसिद नः उल्लेख गर्ने नगरिएको,

**जस्तै,**

**१.केन्द्र नः ०५७ को २०८२।०८।०८ गतेको केन्द्र वैठक हाजिरी रजिष्टरमा**

केन्द्र प्रमुख, उपप्रमुखको दस्तखत नरहेको, केन्द्र मुल्याङकन अङक नदिइएको, केन्द्रबाट सङकलन भएको कुल रकमको केन्द्रको नाममा काटिएको रसिदको रसिद नः उल्लेख नगरिएको पाइयो ।

२. केन्द्र ०४८ को मिति २०८।०७।१९ गतेको केन्द्र वैठक हाजिरी रजिष्टरमा

केन्द्र प्रमुख, उपप्रमुखको दस्तखत नरहेको, केन्द्र मुल्याङकन अङक नदिइएको, केन्द्रबाट सङकलन भएको कुल रकमको केन्द्रको नाममा काटिएको रसिदको रसिद नः उल्लेख नगरिएको पाइयो ।

**मापदण्ड** : सवै केन्द्रको केन्द्र वैठक हाजिरि रजिष्टर अनिवार्य रुपमा हुनुपर्ने साथै संस्थाको कर्जा तथा वचत परिचालन निर्देशिका, २०८१ को परिच्छेद-४ केन्द्र तथा केन्द्रको दायित्व सम्वन्धि व्यवस्था को वुंदा नः ४.७ को (१) र (२)अनुसार केन्द्र वैठक माइन्युटमा असूली भएको रकम, वचत फिर्ता भएको रकम, ऋण माग रकम, केन्द्र मुल्याङकन सम्वन्धि रेकर्ड, विविध अन्तर्गत केन्द्र वैठक वस्ने मिति र स्थान, आगामि केन्द्र वैठकमा शमिवार वा सार्वजनिक विदा परेमा वैठक वस्ने मिति लगायत आवश्यकता अनुसार अन्य विषयवस्तुको छलफल र निर्णय उल्लेख गर्नुपर्दछ ।

**निर्देशन** : केन्द्र वैठक हाजिरी रजिष्टरमा आवश्यक सवै विवरणहरु भरी, केन्द्रमा भएको सवै निर्णयहरु उल्लेख गर्ने/गराउने गर्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ :सुधार गरेर , निरन्तरता दिदै जाने ।**

## 1=8 पासबुक चेकजाच रजिष्टर :

अवस्था : पासवुक चेकजाँच सम्बन्धि निम्न बमोजिम कैफियत तथा रेकर्ड रहेको पाइयो : -

| महिना | औषत जाँच गर्नुपर्ने | पासबुक जाँच गरेको | फरक | कैफियत |
|---|---|---|---|---|
| - | . प्रत्येत ३ महिना भित्र सवै सदस्यको | - | - | पासवुक जाँचको रेकर्ड नै नरहेको । |

**मापदण्ड** : पासवुक जाँच सम्पुर्ण सदस्यको प्रत्येक कम्तिमा ३ महिनाभित्र अनिवार्य रुपमा जांच गरि रजिष्टर र सिस्टममा पनि सो को अभिलेख प्रविष्टि गर्नुपर्ने प्रावधान रहेको ।

**सुझाव/निर्देशन** : सदस्यको सम्पुर्ण हिसाव वा स्टेटमेन्टको पासवुकमा रहने हुँदा पासवुक नियमित अधावधिक हुनुपर्दछ, नियमित शाखा प्रमुखले हिसाव ठिक रहेको वा नरहेको भनी जाँच गर्नुपर्दछ, यदि पासवुक अधावधिक नभएमा, शाखा प्रमुखले नियमपुर्वक नियमित जाँच नगरेमा कारोवारमा भएको समस्याको पहिचान, हिनामिना, पासवुक भर्दा भएको गल्ती लगायत पत्ता लगाउन सकिदैन र यसवाट गम्भिर समस्याको सिर्जना हुनसक्ने साथै यसको जिम्मेवारि शाखा प्रमुखको रहने हुँदा तत्काल सम्पुर्ण सदस्यको पासवुक अधावधिक गर्ने व्यवस्था गर्नुहुन र जाँच गरि जानकारी दिनुहुन, आगामि दिनमा सो कार्यलाइ नियमपुर्वक नियमितता दिनुहुन ।

**शाखा व्यवस्थापनको जवाफ :रेकड बनाएर राख्ने ।**

## 1=9 कलेक्सन सिट :( Collection Sheet) सम्बन्धमा :

*अधिकांश कलेक्सन सिटमा देखिएको एकै किसिमका कैफियतहरु तपशिल बमोजिम रहेको छ :*

- ★ संकलन भएको रकम कुन शिर्षकमा गएको हो सो नभरिएको ।
- ★ संकलन भएको कुल रकम मात्र लेख्ने गरीएको ।
- ★ नोट विवरण उल्लेख गर्ने नगरीएको ।
- ★ सदस्यको हाजिरी लगाउने गरिएको, यधपि सदस्यको हाजिरी मात्र लगाउने गरिएको रकम जम्मा वा भुक्तानी गरेको स्रोत, सदस्यको बानी व्यहोरा, रकम पुरा तिरेको वा आंशिक आदी रेकर्ड लगाउने र सिस्टरमा सोहि अनुसारको रेकर्ड प्रविष्टि गर्ने गरिएको पाइएन ।
- ★ केन्द्रीय कार्यालयको मिति २०७९/०५/२२ गतेको च.नं.३८० को पत्रको वुँदा नः ९ अनुसार कलेक्सन सिट सफ्टवेरमा Entry गरेपछि कलेक्सन सिटमा CP (Computer Posted) लेखी Entry गर्नेको दस्तखत र मिति अनिवार्य लेख्नुपर्ने व्यवस्था हालसम्म कार्यान्यन नभएको ।

➢ उल्लेखित कैफियतहरु देखिएको केन्द्र असुली सिटहरु जस्तै,

१. मिति २०८१।११।०४ गतेको केन्द्र नः ५८ को को असुली सिटमा सदस्यको हाजिरी रहेको तर भुक्तानी स्रोत, सदस्यको व्यवहार लगायतको रेकर्ड नलगाइएको र सिस्टमा पनि अपडेट

नगरेको, त्यस्तै नोट विवरण नरहेको, सदस्यले तिरेको रकमको बचतमा गएको रकम उल्लेख गरिएको तर सावाँ र व्याज कति भुक्तानी भएको हो सो विवरण उल्लेख नभएको र कलेक्सन सिट सफ्टवेरमा Entry गरेपछि कलेक्सन सिटमा CP (Computer Posted) लेखी Entry गर्नेको दस्तखत र मिति उल्लेख नभएको पाइयो ।

२ .मिति २०८२।११।०५ गतेको केन्द्र नः ०१२ को असुली सिटमा सदस्यको हाजिरी रहेको तर रकम भुक्तानीको स्रोत लगायत विवरणहरुको रेकर्ड नरहकेको, केन्द्र प्रमुखको दस्तखत नरहको र कलेक्सन सिट सफ्टवेरमा Entry गरेपछि कलेक्सन सिटमा CP (Computer Posted) लेखी Entry गर्नेको दस्तखत नगरिएको पाइयो ।

**मापदण्ड :** केन्द्रीय कार्यालयको मिति २०७९।११।१६ गतेको च.न.१२१० को परिपत्र नः २० अनुसार असुली सिट तथा तालिकामा कर्मचारीको दस्तखत,(आवश्यक सबैको) केन्द्र प्रमुख वा उप प्रमुखको दस्तखत र नोट विवरण अनिवार्य गर्नुपर्ने निर्देशन जारी भएको साथै केन्द्र असुली सिटमा सङकलन भएको रकम शिर्षक अनुसार बचत, व्याज वा सावाँ के मा गएको हो सो विवरण, सदस्यको हाजिरी विवरण भर्नुपनर्ने, सदस्यको कलेक्सन सिटमा भएको हाजिरि विवरण अनुसार सिस्टममा प्रविष्टि गर्नुपर्ने, नियम अनुसार केन्द्र मुल्यांकन गरि सोको अभिलेख कलेक्सन सिटमा पनि राख्नुपर्ने प्रावधान रहेको । साथै केन्द्रीय कार्यालयको मिति २०७९/०५/२२ गतेको च.न.३८० को पत्रको बुंदा नः ९ अनुसार कलेक्सन सिट सफ्टवेरमा Entry गरेपछि कलेक्सन सिटमा CP (Computer Posted) लेखी Entry गर्नेको दस्तखत र मिति अनिवार्य लेख्नुपर्ने व्यवस्था रहेको ।

**सुझाव/निर्देशन :** केन्द्र असुली सिटमा सदस्यको यथार्थ हाजिरि विवरण, नोट विवरण, केन्द्र प्रमुखको दस्तखत, सम्पुर्ण कर्मचारिको दस्तखत, संकलन भएको रकम कुन शिर्षकमा गएको हो सोको विवरण, केन्द्र मुल्यांकन अंक सहित सिस्टममा सोहि अनुसार प्रविष्टि गर्ने व्यवस्था अनिवार्य कार्यान्वयन गर्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ :सुझाव र निर्देशन अनुसार सुधार गर्दै जाने ।**

## 1=10 धितो कर्जा सक्कल कागजात अभिलेख रजिष्टर :

**अवस्था :** धितो कर्जा सक्कल कागजातको अभिलेख रजिष्टर नरहेको ।

**मापदण्ड :** धितो कर्जा लगानी भएका ऋणी सदस्य हरुको सक्कल कागजात के-के रहेको छ सोको विवरण रजिष्टरमा उल्लेख गरि सुरक्षीत साथ सक्कल कागजात राख्नुपर्ने प्रावधान रहेको ।

**सुझाव/निर्देशन :** धितो कर्जा सक्कल अभिलेख रजिष्टर खडा गरी धितो कर्जा लगानी गर्दा सदस्यको सक्कल कागजात के-के राखिएको छ सोको अभिलेख अद्यावधिक गर्नुहुन र आगामि दिनमा निरन्तरता दिनुहुन ।

**शाखा व्यवस्थापनको जवाफ :रजिष्टर खडा गरिएको ।**

## 1=11 केन्द्र बैठक परिवर्तन रजिष्टर :

**अवस्था :** केन्द्र हेर्ने फिल्ड कर्मचारीलाई कम्तिमा ६/६ महिनामा केन्द्र वैठक परिवर्तन गर्नुपर्ने भएतापनि शाखा कार्यालयमा सो अनुसार परिवर्तन नगर्नुको साथै केन्द्र वैठक परिवर्तन रजिष्टर पनि नरहेको पाइयो । लिखित पत्रमार्फत जिम्मेवारी विभाजन भने गरिएको पाइयो ।

**मापदण्ड :** केन्द्रीय कार्यालयको मिति २०७९।११।१६ गतेको च.न.१२१० परिपत्र नः २० को बुंदा नः ३ अनुसार कर्मचारीले संचालन गरेका केन्द्रहरु ६/६ महिनामा परिवर्तन गर्नुपर्ने ,शाखाको कर्मचारी वैठकबाट निर्णय गरी शाखा प्रमुखले केन्द्र जिम्मा तथा परिवर्तन भएको लिखित जानकारी सम्वन्धित कर्मचारिलाई दिनुपर्दछ ।

**सुझाव/निर्देशन :** निर्देशन र प्रावधान बमोजिम केन्द्र वैठक कम्तिमा ६/६ महिनामा परिवर्तन गर्नुहुन, र केन्द्र वैठक परिवर्तन रजिष्टर खडा गरी सोको रेकर्ड राखि केन्द्र वैठक हेर्ने कर्मचारिलाई लिखित जानकारी पत्र दिनुहुन ।

शाखा व्यवस्थापनको जवाफ :रजिष्टर खडा गर्ने ।

## 1=12 KYC सम्बन्धमा :

अधिकांश सदस्यको केवाइसिमा निम्न बमोजिम कैफियत रहेको पाइयो :-

| क.स. | केन्द्र न./सदस्यता नं. | सदस्यको नाम | कैफियत | शाखाको प्रतिउत्तर |
|---|---|---|---|---|
| 1= | Indivdl | Atibal Biswakarma | ➢ केवाईसिमा क्रम संख्या नं. २६,२७ अधावधिक नरहेको र २८ मा मान्यता प्रदान गर्नेको नाम थरमा निज सदस्यको नाम उल्लेख रहेको पाईयो ।<br>➢ समुह सदस्य मान्यता परिक्षण फारम संलग्न नरहेको पाईयो । | सुधार गरिएको । |
| 2= | indvdl | Aman kumar newar | ➢ केवाईसिमा क्रम संख्या नं. २६ अधावधिक नरहेको पाईयो ।<br>➢ समुह सदस्य मान्यता परिक्षण फारम संलग्न नरहेको पाईयो । | अधावधिक गरिएको । |
| 3= | indvdl | Milan Rai | ➢ केवाईसिमा क्रम संख्या नं. २४ र २६ अधावधिक नरहेको पाईयो ।<br>➢ | अधावधिक गरिएको । |
| 4= | 03 | Ratna kumari majhi | ➢ केवाईसिमा फोन नं. ,क्रम संख्या नं. ८ मा पिता वा पतिको विवरण , २१ मा अभिभावक मन्जुरि दिनेको दस्तखत उल्लेख नरहेको पाईयो ।<br>➢ सदस्य श्रीमानको नागरिकता संलग्न नरहेको पाईयो । | नागरिकता संलग्न रहेको अधावधिक गरिएको । |
| 5= | 03 | Lalita chaudhary | ➢ केवाईसिमा खाली ठाउँमा आवश्यक विवरण नभरिएको र क्रम संख्या नं. २१ मा अभिभावक मन्जुरि दिनेको दस्तखत, समुह र केन्द्रको सिफारिसमा केन्द्र नं. ,समुह नं. र शाखा कार्यालयको निर्णयमा कर्मचारी श्री चन्द्रकला ढकालको दस्तखत उल्लेख नरहेको पाईयो । | अधावधिक गरिएको । |
| 6= | 04 | Sarda kumari katuwal | ➢ केवाईसिमा क्रम संख्या नं. २५ र २७ मा कर्मचारी श्री तुलाराम चौधरीको दस्तखत उल्लेख नरहेको पाईयो ।<br>➢ केवाईसिमा अभिभावक मन्जुरि दिनेको नागरिकता संलग्न नरहेको पाईयो । | सुधार गरिएको । |
| 7= | 04 | Anita thapaliya | ➢ केवाईसिमा सदस्यको नागरिकता नं. गलत उल्लेख रहेको पाईयो<br>➢ राष्ट्रिय परिचयपत्र संलग्न नरहेको पाईयो ।<br>➢ समुह मान्यता परिक्षण फारम संलग्न नरहेको पाईयो । | सुधार गरिएको । |
| 8= | 04 | Durga Pradhan | ➢ केवाईसिमा सदस्य र श्रीमानको नागरिकता नं. पुर्ण उल्लेख नरहेको पाईयो ।<br>➢ सदस्य र श्रीमान बिच नाता खुल्ने कागजात संलग्न नरहेको पाईयो । | सुधार गरिएको । |
| 9= | 04 | Nana kumari magar | ➢ केवाईसिमा फोन नं. , माईति ठेगानाको टोल ,परिवारको विवरणमा उमेर,पेशा र भिक्षा , समुह र केन्द्रको सिफारिस मा केन्द्र नं. र | अधावधिक गरिएको । |

| क्र.स. | केन्द्र न./सदस्यता नं. | सदस्यको नाम | कैफियत | शाखाको प्रतिउत्तर |
|---|---|---|---|---|
| | | | समुह नं. ,र कर्मचारी श्री चन्द्रकला ढकालको दस्तखत उल्लेख नरहेको पाईयो । | |
| 10= | 05 | Bina kumari Haluwai | ➢ केवाईसिमा समुह नं. गलत उल्लेख रहेको पाईयो ।<br>➢ केवाईसिमा कम संख्या नं. २६ मा जम्मा पुर्णाक उल्लेख नरहेको पाईयो । | अधावधिक गरिएको । |
| 11= | 05 | Shanti rai | ➢ केवाईसिमा समुह नं. गलत उल्लेख रहेको पाईयो ।<br>➢ केवाईसिमा कम संख्या नं. २५ र २८ मा शाखा प्रमुख श्री पार्वती गुरुङको दस्तखत नरहेको र २६ मा मुल्याङनका बिषयहरुमा पुर्णाक अधावधिक नरहेको पाइयो ।<br>➢ सदस्य र श्रीमान बिच नाता खुल्ने कागजात नरहेको पाईयो । | अधावधिक गरिएको । |
| 12= | 06 | Sabitra paudel | ➢ केवाईसिमा कम संख्या नं.७ ,९ ,२५ र २६ मा आवश्यक बिवरण उल्लेख नरहेको पाईयो । | अधावधिक गरिएको । |
| 13= | 09 | Samjhana Bist | ➢ केवाईसिमा अभिभावक मन्जुरी दिने व्यक्तिको नागरिकता फोटो कपी नरहेको र कम संख्या नं.२६ अधावधिक नरहेको पाईयो ।<br>➢ राष्टिय परिचयपत्र संलग्न नरहेको पाईयो । | अधावधिक गरिएको । |
| 14= | 10 | Hira Chaudhary | ➢ केवाईसिमा अभिभावक मन्जुरी दिने व्यक्तिको दस्तखत नरहेको पाईयो । | अधावधिक गरिएको । |
| 15= | 10 | Man maya magar | ➢ केवाईसिमा सदस्यको फोटो र अभिभावक मन्जुरी दिने व्यक्तिको दस्तखत नरहेको पाईयो । | अधावधिक गरिएको । |
| 16= | 12 | Priya tamang rai | ➢ केवाईसिमा सदस्यको नागरिकता नं. गलत उल्लेख रहेको र कम संख्या नं.१० मा पेशा र शिक्षा उल्लेख नरहेको र कम संख्या नं.२६ अधावधिक नरहेको पाईयो । | अधावधिक गरिएको । |
| 17= | 12 | Saru kumari tamling rai | ➢ केवाईसिमा कम संख्या नं. २६ अधावधिक नरहेको र राष्टिय परिचय पत्र संलग्न नरहेको पाईयो । | अधावधिक गरिएको । |
| 18= | 12 | Bisnu maya majhi | ➢ केवाईसिमा कम संख्या नं. २६ अधावधिक नरहेको र राष्टिय परिचय पत्र संलग्न नरहेको पाईयो । | सुधार गरिएको । |
| 19= | 12 | Kumari majhi | ➢ केवाईसिमा फोन नं. , माईती टोल र कर्मचारी बिपिन दाहालको दस्तखत उल्लेख नरहेको पाईयो । | अधावधिक गरिएको । |
| 20= | 12 | Kopila Rai | ➢ केवाईसिमा कम संख्या नं. २३,२६ अधावधिक नरहेको र राष्टिय परिचय पत्र संलग्न नरहेको पाईयो । | अधावधिक गरिएको । |

**केवाइसिमा रहेको शारांश कैफियत विवरण**

★ अधिकांश केवाइसिमा सदस्य र सदस्यको नागरीकताको फोटोकपि सक्कल बमोजिम नक्कल बमोजिम प्रमाणीत गरी नराखिएको,

★ स्थायि बासिन्दाको प्रमाणहरु संलग्न नगरीएको ।

★ केहि केवाइसि फाइलमा प्रमाणीत गर्ने शाखा प्रमुखको दस्तखत नरहेको, राष्ट्रिय परिचयपत्र नरहेको, आंशिक रुपमा विवरणहरु नभरिएको पाइयो ।

**मापदण्ड** : संस्थाको ग्राहक पहिचान कार्यविधि-२०७६ को परिच्छेद-२ को मा भएको प्रावधान अनुसार अनुसूची-१ बमोजिमको फारम पुर्ण रुपमा भर्नुपर्ने, निजको फोटो, श्रीमानको फोटो, सदस्य र श्रीमानको नागरिकताको फोटोकपि, विवाह दर्ता प्रमाण लगायत आवश्यकता अनुसार अन्य कागजात सहित केन्द्रको व्यक्तिगत फाइल गराई व्यवस्थित रुपमा राख्नुपर्ने प्रावधान रहेको ।

**सुझाव/निर्देशन** : माथि उल्लेखित कैफियतहरु सुधार गर्नुहुन, सदस्यको केवाइसिमा भएको फोन न हरु प्राय : नलाग्ने र परिवर्तन भएको, केवाइसिमा परिवारका सवै सदस्यको विवरणहरु नभएको वा थपिएको साथै विवरणहरु अपुर्ण भएकोले सवै सदस्यको केवाइसि अधाधवधिक गर्नुहुन र अधावधिक भएको केवाइसिको रजिष्टर बनाइ अभिलेख राख्नुहुन ।

**शाखा व्यवस्थापनको जवाफ : माथि उल्लेखित कैफियतहरु सुधार गरि अधावधिक गरि राखिएको आगामि दिनमा नदोहोरीने गरि कार्य गर्ने ।**

।

## 1=13 विना धितो कर्जा

अवस्था : सदस्यगत रुपमा विनाधितो कर्जामा पाइएको कैफियत विवरण निम्न बमोजिम रहको छ :

| क्र.स. | सदस्यको नामथर | केन्द्र न. | लगानी मिति | लगानी रकम | कैफियत | शाखाको प्रतिउत्तर |
|---|---|---|---|---|---|---|
| 1= | Jyoti Kumari Gupta | 01 | 2081/08/27 | 350000 | ➢ कर्जा निवेदन,स्विकृत तथा वितरण फारममा सदस्यको सदस्यता नं. , कम संख्या न.५ मा विवरणहरु उल्लेख नरहेको पाईयो ।<br>➢ कर्जा निवेदन,स्विकृत तथा वितरण फारममा उल्लेखित कर्जा समिति बैठक नं. र मिति गलत उल्लेख रहेको पाईयो ।<br>➢ कर्जा निवेदन,स्विकृत तथा वितरण फारममा कर्जा माग विवरणमा रकम रु.३५०००। उल्लेख रहेको तर कर्जा समिति बैठक नं.२० मा रु.४००००। उल्लेख रहेको पाईयो ।<br>➢ अख्तियारिनाममा वचत खाता नं. गलत उल्लेख रहेको पाईयो ।<br>➢ कवुलियतनामा र कर्जा स्विकृत पत्र संलग्न नरहेको पाईयो ।<br>➢ कर्जा भुक्तानी तालिकामा कार्यालयको छाप नरहेको पाईयो ।<br>➢ कर्जा सदुपयोगीतामा मिति २०८१।०८।१५ उल्लेख रहेको पाईयो ।<br>➢ कर्जा चेक लिष्ट संलग्न नरहेको पाईयो । | सुधार गरिएको । कर्जा स्विकृत को अख्तीयारी शाखा कार्यालय लाई दिइएको । |



अग्रिवाल सहकारित वित्तिय संस्था लि. ★ शाखा कार्यालय, चकवती ★ स्था : २०७२

| क्र.स. | सदस्यको नामथर | केन्द्र न. | लगानी मिति | लगानी रकम | कैफियत | शाखाको प्रतिउत्तर |
|---|---|---|---|---|---|---|
